# जिल्ला अदालत (दोस्रो संशोधन) नियमावली, २०७८

नेपाल राजपत्रमा प्रकाशन मिति

२०७८।०९।१९

जिल्ला अदालत नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "जिल्ला अदालत (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली संवत् २०७८ साल माघ २ गतेदेखि प्रारम्भ हुनेछ।

२. **जिल्ला अदालत नियमावली, २०७५ को नियम १० मा संशोधनः** जिल्ला अदालत नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को,-

(१) उपनियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) अदालतको साप्ताहिक मुद्दा सूची तयार गरी प्रकाशन गर्ने र दैनिक पेसी सूची तयार गरी गोला प्रक्रियाको प्रयोजनको लागि न्यायाधीशहरूसमक्ष पेस गर्ने,"

(२) उपनियम (६) मा रहेका "लिखत दर्ता वा दरपीठ गर्ने" भन्ने शब्दहरू पछि "वा पेसी सूची तयार गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

३. **मूल नियमावलीको नियम ४१ मा संशोधनः** (१) मूल नियमावलीको नियम ४१ को सट्टा देहायको नियम ४१ राखिएको छः-

"४१. **मुद्दाको बाँडफाँडः** (१) एकभन्दा बढी न्यायाधीश भएको अदालतमा मुद्दा दर्ता भएपछि स्रेस्तेदारले प्रमुख भई काम गर्ने न्यायाधीशको उपस्थितिमा न्यायाधीश सङ्ख्याको आधारमा मुद्दा सङ्ख्या र मार्ग समूहसमेतको अनुपात मिल्ने गरी गोला प्रक्रियाद्वारा मुद्दा फाँटहरूबीच मुद्दा बाँडफाँड गर्नेछ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "मुद्दा" भन्नाले पुनरावेदन, बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञाको निवेदन, मुद्दाको रूपमा दर्ता हुने अन्य निवेदन वा प्रतिवेदन र विशेष प्रकृतिका निवेदन समेतलाई जनाउँछ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत अदालतमा दायर रहेका मुद्दा उपनियम (१) बमोजिमको आधार र प्रक्रिया बमोजिम स्रेस्तेदारले फाँटहरूबीच बाँडफाँड गर्नेछ।"

४. **मूल नियमावलीको नियम ४४ मा संशोधनः** मूल नियमावलीको नियम ४४ को,

कानून किताब व्यवस्था समिति

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) प्रत्येक मुद्दा फाँटले आगामी हप्ताको लागि पेसी तोकिएका मुद्दाको सूची तयार गरी बुधबारसम्म स्रेस्तेदारसमक्ष पेस गर्नु पर्नेछ। स्रेस्तेदारले फाँटगत आधारमा साप्ताहिक पेसी सूची तयार गर्नेछ।"

(२) उपनियम (३) झिकिएको छ।

**५.** **<u>मूल नियमावलीको नियम ४५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४५ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) स्रेस्तेदारले नियम ४४ बमोजिम साप्ताहिक पेसी सूचीमा प्रकाशित भएका मुद्दाको दैनिक पेसी सूची तयार गरी सोको एक प्रति एक जना न्यायाधीश रहेको अदालतमा त्यस्तो न्यायाधीशलाई र एकभन्दा बढी न्यायाधीश रहेको अदालतमा गोला प्रक्रियाद्वारा निर्धारण गरी त्यस्तो सूची एक एक प्रति सम्बन्धित न्यायाधीशलाई दिनु पर्नेछ । त्यस्तो दैनिक पेसी सूची स्रेस्तेदारले अदालतको सूचना पाटीमा टाँस्न लगाउनु पर्नेछ ।"

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ।

"(४) अभियोगपत्रसाथ पेस भएको वा अदालतबाट जारी भएको पक्राउ पुर्जी वा समाह्वान बमोजिम हाजिर भएको वा पक्राउ परी आएको व्यक्तिको थुनछेक लगायत यस नियमावली बमोजिम पूरक पेसी सूचीको माध्यमबाट कारबाही गर्नुपर्ने मुद्दा तथा निवेदनको सुनुवाइको लागि गोला प्रक्रियाद्वारा इजलासको निर्धारण गर्नु पर्नेछ।"

**६.** **<u>मूल नियमावलीको नियम ९६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९६ पछि देहायको नियम ९६क. थपिएको छः-

"**९६क.** **<u>पेसी व्यवस्थापन समितिः</u>** (१) अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन गर्न देहाय बमोजिमको एक पेसी व्यवस्थापन समिति रहनेछः-

(क) प्रमुख भई काम गर्ने न्यायाधीश - अध्यक्ष

(ख) वरिष्ठतम दुईजना न्यायाधीश - सदस्य

तर दुईजना न्यायाधीश रहेको अदालतको हकमा खण्ड (ख) बमोजिमको सदस्यमा एकजना न्यायाधीश मात्र सदस्य रहनेछ।

(२) कुनै कारणवस प्रमुख भई काम गर्ने न्यायाधीश वा अन्य न्यायाधीशमध्ये कुनै वा दुवैजना अनुपस्थित रहेमा सो अवधिको लागि त्यसपछिको वरिष्ठ न्यायाधीशले पेसी व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य भई काम गर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकजना मात्र न्यायाधीश रहेको अदालतमा वा एक जना भन्दा बढी न्यायाधीश भए पनि एक जना मात्र अदालतमा उपस्थित रहेको अवस्थामा त्यस्तो न्यायाधीशले पेशी व्यवस्थापन समितिको कार्य गर्न सक्नेछ।

(४) स्रेस्तेदारले पेसी व्यवस्थापन समितिको सचिवको रुपमा काम गर्नेछ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) पेसी व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(६) पेसी व्यवस्थापन समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(७) पेसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मुद्दा पेसी चढाउन निश्चित मापदण्ड बनाउने,

(ख) पेसी व्यवस्थापनलाई पारदर्शी र विश्वसनीय बनाउन आवश्यक कार्य गर्ने,

(ग) पेसी व्यवस्थापनका सम्बन्धमा निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने,

(घ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिका बमोजिम पेसी व्यवस्थापन गर्ने, गराउने,

(ङ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निकासा दिने,

(च) पेसी व्यवस्थापनका सम्बन्धमा स्रेस्तेदारलाई आवश्यक निकासा दिने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय